# बारागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खोपवा, बारा
### मधेश प्रदेश , नेपाल
स्थापित-२०७३

# वर्णशंकर जातको मकैको विउ खरिदका लागि दररेट पेश गर्ने सम्वन्धि सुचना

(प्रथम पटक सुचना प्रकाशित भएको मितिः- २०७९/०७/२१)

यस बारागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लागि चालु आ.व. २०७९/०८० को लागि गाउँसभाबाट स्वीकृत कार्यक्रम ५०% अनुदानमा खाधान्न बालीहरुको वीउ वितरण कार्यक्रम अन्तर्गत ५०% अनुदानमा मकैको वीउ तपसिल अनुसारको शर्तहरुको अधिनमा रही रित प्रकृया पुर्याई यस कार्यालयको मिति २०७९/०७/२० को आर्थिक विकास समितिको निर्णय अनुसार आजको मिति देखी ७ (सात) दिन भित्र अर्थात मिति २०७९/०७/२७ गते दिनको १२:०० बजे सम्म खामबन्दीमा शिल गरी दररेट पेश गर्न हुन सम्बन्धित सबै फर्म, सँस्था तथा विक्रेतालाई जानकारीको लागि सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

| सि.न. | खरिद गर्न सकिने जात | इकाई | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | डि.के.सी ९०८१ | के.जी./मूल्य | १,०००।- | |
| २. | पायोनियर ३५२२ | | | |
| ३. | पायोनियर ३३९६ | | | |
| ४. | पायोनियर ३३५५ | | | |
| ५. | १० भि १० | | | |
| ६. | जे.के. एम एच ५०२ | | | |

शर्तहरु/प्रकृयाहरु :-

- यो सुचना प्रकाशन भएको मितिले सातौ दिन अर्थात मिति २०७९/०७/२७ गते सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगतैपछि कार्यालय खुलेको दिनको ठिक १२:०० बजे सम्म दररेट यस कार्यालयमा पेश गर्न सकिनेछ ।
- आधिकारिक फर्म, कम्पनी, सप्लायर्स,विकेता वा सँस्थाको आ.व. २०७९।०८० सम्मका लागि नविकरण गरिएको सम्बन्धित विषयका कारोबार गर्ने इजाजत-पत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (pan/vat) र आ.व. २०७८।०७९ सम्मको कर चुक्ता नवीकरण वा म्याद थपको विवरण, प्रमाणपत्र नवीकरण तथा प्रति के.जी./इकाई मूल्य समेत उल्लेख गरी खामबन्दीमा शिल गरी आफै वा तोकिएको प्रतिनिधिबाट दर्ता गराउन सकिनेछ ।
- प्राविधिक मूल्याङ्कन र आर्थिक मूल्याङ्कन दुवैबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र सार्वजनिक खरिद निमावली, २०६४ को दफा ८४ बमोजिम सबभन्दा कम दररेट पेश गर्ने सँस्था वा फर्मसँग सम्झौता गरिनेछ ।
- सम्झौता गर्न आउँदा कुल सम्झौता रकमको ५% बैङ्क ग्यारेन्टी वा नगद रकम यस गाउँपालिकाको धरौती खाता नं. ०५४०८६४६२९००१४ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
- सामाग्री उपलब्ध गराइसकेपछि कुल रकमको पालिकाबाट ५०% र किसानबाट ५०% रकम सम्बन्धित फर्म वा विक्रेतालाई नियमानुसार कर कट्टा गरी भूक्तानी गरिनेछ ।
- वीउवीजन तोकिएको कृषि सामाग्री कम्पनी लिमिटेड मापदण्ड वा सो बमोजिमको गुणस्तरिय वीउ उपलब्ध गराउनुपर्नेछ ।
- यो सुचना प्रकाशन भएको मितिले सातौ दिन भित्र वा अन्तिम दिन सार्वनिक बिदा परेमा उक्त कार्य बिदाको लगतैपछि कार्यालय खुलेको दिनको ठिक २:०० बजे प्राप्त खामबन्दी दररेट कार्यालयमा खोलिनेछ ।
- यो खरिद प्रकृया पुरै वा आँशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
- म्याद नाघि आएका आवेदनहरु मथि कार्यालय जिम्मेवार हुने छैन ।
- विस्तृत जानकारीको लागि कृषि इकाईमा सम्पर्क गर्न सकिनेछ । (९८१९२२४४९९)

प्रमूख प्रशासकिय अधिकृत
बारागढी गाउँपालिकाको कार्यालय